# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

**छात्र/छात्राबासमा मेस संचालन सम्बन्धी कार्यको**

## सिलबन्दि कोटेशन आव्हानको सूचना

सूचना प्रकाशन मिति : २०८०।१०।२४

यस प्रतिष्ठानको छात्र/छात्राबासमा मेस संचालन गर्ने सम्बन्धी कार्य सिलबन्दी कोटेशन माध्यमबाट गर्नु पर्ने भएकोले इच्छुक फर्म वा संस्थालाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति **२०८०/११/०१** गते सम्म कार्यालय समय भित्र सिलबन्दी कोटेशन पेश गर्नु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**शर्तहरु:**

१) होटेल तथा रेष्टुरेन्ट संचालन सम्बन्धी कारोबार गर्न स्वीकृत फर्म दर्ता गरेको प्रमाणपत्र प्रतिलिपि ।

२) मूल्य अभिबृद्धि कर वा स्थायी लेखा दर्ता (प्यान) प्रमाणपत्रको प्रतिलिपि ।

३) आ.ब. २०७९।०८० सम्मको करचुक्ता प्रमाणपत्र प्रतिलिपि ।

४) सिलबन्दि कोटेशन कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्ताबित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा सम्बन्धी कसूरमा सजा नपाएको भनि लिखित रुपमा प्रतिष्ठानबाट उपलब्ध गराएको अनुसूचि २ बमोजिमको घोषणापत्र ।

५) मेस संचालन गर्न ईच्छुक प्रस्तावदाताले प्रतिष्ठानले उपलब्ध गराएको मेनु लिई कबोल दररेट उल्लेख गरि शिलबन्दी कोटेशन पेश गर्नु पर्नेछ । पेश भएका प्रस्तावहरुमा कुल जम्मा न्यून मूल्य रकम कबोल गर्ने प्रस्तावदाता संग सेवा खरिद सम्झौता प्रक्रिया अगाडी बढाउने छ । मेनु, अनुसूचि तथा अन्य कागजातहरु प्रतिष्ठानको रजिष्ट्रार कार्यालयमा उपलब्ध हुने छ ।

६) दरखास्त पेश गर्दा प्रतिष्ठानको कृर्षि बिकास बैंकमा अबस्थीत खाता नं. ०७२१३००६२७९७१०१४ मा रु. १०००।०० जम्मा गरेको सक्कल भौचर राखि पेश गर्नु पर्नेछ ।

७) तोकिएको दफाहरु अनुरुप रीत नपुगेको कोटेशन उपकर कुनै कारबाही गरिने छैन ।

८) कोटेशन बुझाउने अन्तिम मितिको भोलिपल्ट सिलबन्दि कोटेशन प्रतिष्ठानको केन्द्रिय कार्यालयमा खोलिने छ । यदि कोटेशन खोल्ने दिनमा सार्वजनिक विदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र दर्ता गर्ने तथा खोल्ने कार्य गरिनेछ ।

९) प्रतिष्ठानले संचालन गरेका २ वटा छात्रबास र २ वटा छात्राबासमा मेस संचालन गर्नु पर्ने भएको हुँदा प्रस्तावदाताले कति वटा छात्र/छात्राबासमा मेस संचालन गर्न सक्ने हो सो को प्रतिष्ठानबाट उपलब्ध गरिएको अनुसूचि १ बमोजिमको ढाँचामा निबेदन पनि पेश गर्नु पर्नेछ ।

१०) अन्य शर्तहरु प्रतिष्ठानले उपलब्ध गराएको अनुसूचि ३ बमोजिमको शर्तनामा बमोजिम हुनेछ ।

***नोटः माथि उल्लेखित कागजातहरु नपुगी दरखास्त पेश भएका प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्न प्रतिष्ठान बाध्यनिय हुने छैन ।***

**रजिष्ट्रारको कार्यालय**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला